नगरसभा अध्यक्ष श्री जोगराज चौधरीबाट  तेह्रौं नगर सभामा प्रस्तुत आ.ब २०८०/८१ को

# बार्षिक नीति तथा कार्यक्रम

## लमही नगरपालिका,दाङ

असार १०, २०८०

**आदरणीय नगरसभाका सदस्य ज्यूहरु**

**सभामा उपस्थित सम्पूर्ण महानुभवहरु**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, लुम्बिनी प्रदेश, दाङ जिल्ला लमही नगरपालिका नगर प्रमुखको हैसियतले नगरपालिकाको तेह्रौं नगर सभालाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित भएको छु । यस अवसरमा नेपालको सार्वभौमसत्ता, गणतन्त्रलाई मुर्तरुप दिन र लमही नगरबासीको सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा नगरको समृद्धिको लागि विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जनआन्दोलन र बलिदानपूर्ण संघर्षमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

लमही नगरपालिका स्थापना काल देखी हाल सम्म नगर निर्माण अभियानमा प्रत्यक्ष वा परोक्ष रूपले योगदान गर्नुहुने स्थानीय बुद्धिजीबी, समाजसेवी, विकासप्रेमी, ब्यवसायी, पत्राकार/संचारकर्मी, राष्ट्रसेवक कर्मचारी, नीजि तथा गैरसरकारी संस्था, यस नगरपालिकाको प्रथम जननिर्वाचित जनप्रतिनिधीज्यूहरू र आम लमही नगरबासीमा हार्दिक आभार प्रकट गर्दछु ।

**सम्मानित सभामा उपस्थित आदरणीय महानुभवहरु**

अव म चालु आ.व. २०७९/०८० मा सम्पन्न भएका नीति र कार्यक्रमहरुको उपलब्धिहरुको संक्षेपमा चर्चा गर्न चाहान्छु ।

१. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न विषयमा शिक्षक तालिम सञ्चालन, पालिकास्तरीय परीक्षा सञ्चालन, पुस्तकालय,

विज्ञान प्रयोगशाला र ICT LAB स्थापना जस्ता कार्य गरिएको छ।

२. निम्न वेतनधारी बालविकास केन्द्रमा कार्यरत सहजकर्ता, विद्यालय कर्मचारी र कार्यालय सहयोगीलाई थप तलवको व्यवस्था गरिएको छ।

३. स्थानीय आवश्यकतालाई समेट्ने गरी तयार गरिएको स्थानीय पाठ्यक्रम (कक्षा १-८) कार्यान्वयन गर्ने सन्दर्भमा शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्री विकास भएको छ ।

४. राष्ट्र निर्माण एवं विकासमा खेलाडीको भूमिकालाई सवल सक्षम र प्रभावकारी बनाउन विद्यालय स्तरीय खेलकुद प्रतियोगिता एवं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र मेयर कप प्रतियोगिता सम्पन्न भइसकेको छ ।

५. मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत १३ वटा विद्यालयमा पूर्वाधार निर्माण कार्य सम्पन्न भएको छ ।शैक्षिक गुणस्तर सुधार गर्न २ वटा विद्यालयमा बालबालिकाको शिक्षामा पहुँच विस्तारको लागि अनुदान रकम उपलब्ध गराइनुका साथै आधारभूत र माध्यमिक तहका शिक्षकहरुको लागि सूचना प्रविधि सम्बन्धी तालिम, बालविकास सहयोगी कार्यकर्ताहरुका लागि क्षमता विकास तथा सामग्री निर्माण तालिम सम्पन्न भइसकेका छन्।

६. कक्षा छाड्ने दर घटाई विद्यालय र पढाईप्रतिको लगाव बढाउन विपन्न परिवारका २०० विद्यार्थीहरुका लागि पोशाक, स्टेशनरी जस्ता सामग्रीहरु उपलब्ध गरिएको छ।

७. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत यस नगरपालिकाको १ वटा विद्यालयमा चार कोठे भवन र १ वटा विद्यालयमा दुई

कोठे भवन निर्माण गरी शैक्षिक क्षेत्रमा भौतिकरुपले पठनीय शैक्षिक वातावरण तयार गरिएको छ भने शिक्षा क्षेत्रमा नविन प्रविधि प्रवर्द्धन गरी शिक्षालाई प्रविधिमैत्री र सूचना मैत्री बनाउनका लागि २ वटा विद्यालयमा ICT LAB स्थापना गरिएको छ।

८. विद्यालयको अनुगमन मूल्यांकनलाई प्रभावकारी बनाउनका लागि आधारभूत (१-८ सञ्चालित) र माध्यमिक विद्यालयमा सि.सि क्यामेरा जडान गरिएको छ ।साथै शिक्षकको उपस्थितिमा नियमितता कायम गर्न प्रत्येक विद्यालयमा इलेक्ट्रोनिक हाजिरी जडान गरिएको छ ।

९. २ वर्ष मुनिका बालबालिकाहरुलाई पूर्ण खोप कार्यक्रम सम्पन्न भई लमही नगरपालिका पूर्ण खोप पालिका सुनिश्चतता भएको छ । सवै स्वास्थ्य केन्द्रहरुवाट अनलाइन डाटा इन्ट्रीको व्यवस्था गरिएको छ ।

१०. सतबरिया र सोनपुर स्वास्थ्य केन्द्रमा प्रयोगशाला व्यवस्थापन कार्य प्रारम्भ भएको छ । मेडिकल जटिलता नभएका २ वर्ष मुनिका कुपोषित बालबालिकाहरुलाई उपचार गर्नका लागि सोनपुर स्वास्थ्य चौकीमा बहिरङ्ग उपचार केन्द्रको स्थापना गरिएको छ ।

११. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत वडा नं. २ र ५ मा सामाजिक परिचालन, उद्यमशिलता विकास तालिम र सिप विकास तालिम (गार्मेन्ट, हाते होजियारी, सिलाईकटाइ, डलकुशन) सम्पन्न भएको छ ।

१२. स्तरउन्नती तर्फ लमही नगरपालिका वडा नं. १ मा चप्पल उत्पादन, वडा नं. १ र ९ मा सिलाई कटाई र वडा नं. ६ मा डल्ले च्याउ उत्पादन कार्यक्रम सम्पन्न भएको छ ।

१३. प्रविधि हस्तान्तरण अन्तर्गत वडा नं. २, ५ र ७ मा होजियारी मेसिन सेट थान ७, गार्मेन्ट मेशिन र ओभरलक मेसिन १ सहित ४ थान र राइस मिल र डिजिटर काँटा १/१ गरी २ थान वितरण गरिएको छ ।

१४. सरकारी सेवामा गरिब, बिपन्न तथा आदिबासी जनजातिहरु वर्गका युवा युवातीहरुलाई लक्षित गरी लमही नगरपालिका वडा नं. ७ का ७० जना सहभागीहरुलई निशुल्क लोकसेवा आयोग तयारी कक्षा सञ्चालन कार्य सम्पन्न गरीएको छ।

१५. चालु आ.व.मा लमही नगरपालिका क्षेत्र भित्र कुल ८.५ कि.मी. कालोपत्रे बाटो निर्माण कार्य सम्पन्न गरिएको छ ।

१६. नगर गौरवको आयोजना अन्तर्गत रिङरोड निर्माण कार्यलाई निरन्तरता दिइएको छ । साथै १०० सैयाको अस्पताल निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार भई संघ र प्रदेश सरकार सँग समन्वय गरी वजेट माग भई सकेको छ ।

१७. वडा नं. **७ मा नगर स्वास्थ्य केन्द्रको भवन** निर्माण कार्य सम्पन्न भएको छ । लमही नगरपलिका कार्यालयको परिसर निर्माण कार्य सम्पन्न भइ सकेको छ ।

१८. नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत १२ किलोमिटर पक्की नाली, २०० किलोमिटर कच्ची नाली, ५ किलोमिटर नयाँ ट्र्याक , ८ किलोमिटर ग्रावेल, १.५ किलोमिटर

ग्याविन जाली, १ वटा विद्यालयको भौतिक निर्माण, १५ वटा कर्भर्ट र ३ वटा ग्रिन पार्कको निर्माण सहित ६६ वटा आयोजनाको निर्माण सम्पन्न भईसकेको छ ।

१९. नगरको मूख्य केन्द्र लमही बजार ब्यवस्थापनमा बिशेष जोड दिइएको छ । अटो रिक्साहरूको ब्यवस्थित पार्किङ्ग, छाडा चौपाया ब्यवस्थापन र सडक पेटीमा यत्रतत्र संचालन हुने ठेला ब्यवसायहरू ब्यबस्थापन कार्यमा सफतला प्राप्त भएको छ ।

२०. गौशाला ब्यवस्थापन मार्फत जथाभावी छाडिएका चौपायाले नगर क्षेत्रमा सडक दुर्घटना बढ्ने, फोहर व्यवस्थापनमा कठिनाइ हुने, सर्वसाधारणको बालीनाली नोक्सान हुने लगायत नगर क्षेत्रकै सुन्दरतामा खलल ल्याउने जस्ता समस्या समाधान भएको छ ।

२१. जलउत्पन्न प्रकोपका कारण विस्थापित भएका नगर क्षेत्रका ३५ घरपरिवारलाई तत्काल ब्यवस्थापनका लागि अस्थायी आवास सहित खाना, पानी र स्वास्थ्य सुरक्षाका सामग्रीहरूको ब्यवस्थापन गरिएको । बाढी प्रवाभित ३०० घर परिवारहरूलाई खाद्यान्न वितरण गरिएको । र १२१२ जनालाइ राहत स्वरूप रू. १ करोड २६ लाख रकम हस्तान्तरण गरिएको ।

२२. वातावरणीय संरक्षणका साथै पर्यटन प्रवर्द्धनमा टेवा पुर्याउन लमही न.पा.६, ७ र ९ मा पार्क निर्माण गरिएको छ ।

२३. सामी कार्यक्रम अन्तर्गत वित्तिय साक्षरता, मनोसामाजिक परामर्श सम्वन्धी कक्षा, मनोसामाजिक परामर्श सेवा, बैदेशिक रोजगारमा जाने व्यक्तिहरुलाई गहन अभिमुखीकरण कार्यक्रम, बैदेशिक रोजगारबाट फर्किएका परिवारलाई सामुदायिक अभिमुखीकरण कार्यक्रम र सुरक्षित आप्रवासन सेवा केन्द्र समेतबाट करिव ७ हजार सेवाग्राही लाभान्वित भएका छन ।

२४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन भएका विभिन्न वडाहरुमा ३३ वटा कार्यक्रम संचालन गरी कुल ८ सय ७० जना बेरोजगार व्यक्तिलाई न्यूनतम १०० दिनको रोजगारी प्रदान गरिएको छ साथै उक्त केन्द्रवाट ७ जनालाई श्रम स्वीकृतीको नवीकरण गरिएको छ।

२५. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय सेवा केन्द्रबाट हाल सम्म भूमिहिन दलित २ सय २४, भूमिहिन सुकुम्बासी १ हजार ३ सय २० र अव्यवस्थित बसोबासी ६ हजार २ सय ८ गरी जम्मा ७ हजार ७ सय बाउन्न जनाको लगत संकलन भई निस्सा वितरण कार्य सम्पन्न भएको छ साथै वडा नं. ४, ५, ६, ७, ८ र ९ को जम्मा ५०९.२९ हेक्टर जग्गा नापी भई नक्सा सिट तयार भएको छ ।

२६. कृषकहरुलाई उन्नत तथा हाईब्रिड जातको धानको बिउ, गहुँको बिउ र हाईब्रिड तरकारीका बिउहरु वितरण गरिएको छ र कृषक, कृषक समुह र कृषि सहकारीहरुलाई व्यवसाय खेति गर्नका लागि मल्चिङ प्लाष्टिक सिट, तथा तरकारी र च्याउ खेतिका लागि टनेल बितरण गरिएछ ।

२७. सेवा प्रवाह गर्न नसकेको स्थानमा नि: शुल्क बाँझोपन तथा पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । व्यवसायिक तथा साना किसानहरुलाई बर्सिम घाँसको बीउ, जै घाँसको बीउ, मकैचरी घाँसको बीउ नि:शुल्क रुपमा वितरण गरिएको छ । पशु सेवा केन्द्रबाट कृषकहरुलाई नि: शुल्क रुपमा पि पि आर खोप सेवा प्रदान गरिएको छ ।

२८. सहकारी संस्था सम्बन्धि एकिकृत सूचना प्रणाली कोपोमिस (COPOMIS) को अभिमुखीकरण तथा तालिम संस्थाका ७२ जना सहभागी (अध्यक्ष र व्यवस्थापक) हरुलाई उपलब्ध गराइएको छ। साथै हालसम्म लमही नगरपालिका कार्यक्षेत्र भई सञ्चालन भएका ३२ वटा सहकारी संस्थाहरुले उक्त सूचना प्रणालीमा तथ्याङ्क प्रविष्ट गरिसकेका छन्।

२९. लमही नगरपालिका भित्र १३ वटा संवेदनशिल र सडक दुर्घटनाग्रस्त स्थानहरुमा सि.सि.टि.भि क्यामेरा जडान गरिएको छ ।अनलाईन करचुक्ता एप निर्माण गरिएको छ। नगरपालिकाको सभाहल र कार्यपालिकाको बैठक कक्षलाई प्रविधिमैत्री बनाईएको छ ।

३०. नगरपालिकाले १८ वटा ऐन, २ वटा नियमावली, ६ वटा निर्देशिका, ५१ वटा कार्यविधि र ७ वटा अन्य मापदण्ड तथा नितिहरु तर्जुमा गरि कार्यान्वयनमा ल्याएको छ ।

३१. यस नगरपालिकाले गत आ व २०७८/०७९ मा स्थानीय तह संस्थागत स्वमूल्याङ्कन (LISA) मा ८२.२५ प्रतिशत अंक प्राप्त गरेको छ ।

**यस सम्मानित सभामा उपस्थित आदरणिय महानुभावहरु,**

लमही नगरपालिकाको आगामी आ.व. २०८०/०८१ का लागि नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको पन्ध्रौं योजना, प्रदेश सरकारको मार्गदर्शन तथा प्राथमिकताहरु र यस नगरपालिकाको

आवश्यकता तथा रणनैतिक योजना समेतलाई आधार मानि कतिपय कानूनी जटिलता, अस्पष्टता र साधन स्रोतको सिमितताका बावजुद पनि नगरबासीहरुको आशा र अपेक्षाहरुलाई समेट्दै यहाँहरुको चाहाना अनुसार तय गरिएका नीति तथा कार्यक्रमहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

१. **"नगर समृद्धिको आधार, गुणस्तरीय तथा प्राविधिक शिक्षाको विस्तार"** भन्ने मूल नारालाई आधार बनाई सभ्य सुसँस्कृत प्रतिस्पर्धी र आत्मविश्वासी नागरिक बनाउन प्रभावकारी शिक्षण र गुणस्तरीय सिकाइमा विशेष जोड दिइनेछ। विद्यालयको शैक्षिक वातावरण, शिक्षक र विद्यार्थीको उपस्थिति, अन्तरविद्यालय परिक्षा केन्द्र र परीक्षण पद्दति जस्ता कार्यनीति अवलम्बन गरिनुका साथै राष्ट्रसेवक कर्मचारी, शिक्षक र जनप्रतिनिधिहरुले आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा भर्ना गर्नका लागि पहल गरिनेछ र सामुदायिक विद्यालयहरुले प्रदान गरेको सेवाको कदर गर्दै खस्कँदै गइरहेको शैक्षिक गुणस्तरलाई उकास्ने नीति लिइनेछ।

२. लोपोन्मुख, अल्पसंख्यक, जेहेन्दार र अति विपन्न वर्गका सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुको लागि स्नातक तहसम्म शिक्षा क्रमश निःशुल्क पठनपाठनको व्यवस्था मिलाउने पहल गरिनेछ । गरिब तथा जेहेन्दार विद्यार्थीहरुको लागि एम.वि.वि एस अध्ययन गर्न छात्रवृत्ति प्रदान गरिनेछ।

३. जीवन पर्यन्त शिक्षालाई निरन्तरता दिन सामुदायिक सिकाइ केन्द्रहरुलाई अनुदान उपलब्ध गराउँदै प्रविधिमैत्री साक्षरता जस्ता कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

४. शिक्षकको आत्मविश्वास र मनोबल वृद्धि गर्न नमुनायोग्य विद्यालय, उत्कृष्ट प्रधानाध्यापक, उत्कृष्ट शिक्षक, विद्यालय कर्मचारी र बालविकास स. का. हरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ।

५. कम विद्यार्थी भएका विद्यालयलाई पायक पर्ने विद्यालयमा एकिकरण (मर्ज) गर्ने नीति ल्याईनेछ र विद्यार्थी संख्याको अनुपातमा शिक्षकहरुको दरबन्दी मिलान गर्ने व्यवस्था मिलाईनेछ।

६. स्थानीय कला संस्कृती र संस्कारको संरक्षण तथा संबर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ । नगरपालिका भित्र बोलिने विभिन्न जातजातीका मातृ भाषाहरूको संरक्षण गर्दै भाषागत लिपी तथा व्याकरण लेखन र प्रकाशनमा जोड दिइनेछ ।

७. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध गर्न नीति लिइनेछ।

८. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि नगरपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत

समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

९. यस नगरपालिका भित्र कार्यरत श्रमीकहरूको पेशागत सुरक्षालाई मध्यनजर गर्दै ठेकेदार/कम्पनीहरूले जीवन विमा तथा दुर्घटना विमाको सुनिश्चितता गर्नु पर्ने कानूनी प्रावधानलाई कडाईका साथ लागु गराई नगरवासीहरूलाई स्थानीय स्तरको श्रम प्रती आकर्षित गर्ने नीति लिइने छ ।

१०. राष्ट्र निर्माण एवं विकासमा खेलाडीको भूमिकालाई सवल सक्षम र प्रभावकारी बनाउने हेतुका साथ नगरपालिकाको प्रतिष्ठाको रुपमा आयोजना गरिने **मेयरकप खेलकुद प्रतियोगिता**लाई निरन्तरता दिइनेछ।

११. श्रम र रोजगारीको क्षेत्रको समुचित व्यवस्थापनको लागि ईलाका प्रशासन कार्यालयमा स्थापना गरिएको आप्रवासी श्रोत केन्द्र (सहायता कक्ष) लाई अन्तरपालिका स्तरीय सेवा केन्द्रको रुपमा विकास गरि निरन्तरता दिईनेछ ।

१२. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ। महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

१३. असहाय, यौन दुर्व्यवहार र घरेलु हिंसामा परेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र दलित समुदायका व्यक्तिलाई अल्पकालिन सेवा केन्द्र माफर्त मनोसामाजिक परामर्श र आय आर्जनका लागि सिपमुलक तालिम प्रदान गर्दै पारिवारिक पुर्नमिलन सम्वन्धी व्यवस्था गरिनेछ ।

१४. बालविवाह, बालश्रम, बालबालिमका माथि हुने सवै किसिमका शोषण र दुर्व्यवहार न्यूनिकरण गरी बालअधिकारको सुनिश्चितता गर्दै बालमैत्री उन्मुख नगर निर्माणका लागि पहल गरिनेछ।

१५. पारपूर्वकाल देखि दलित समुदायले जीवन निर्वाहको रुपमा अपनाई आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्ने नीति अबलम्बन गरिनेछ।

१६. लमही नगरपालिकाका गर्भवति महिलाहरुले सतवरिया, सोनपुर र लमही अस्पतालमा सुरक्षित सुत्केरी सेवा लिनका लागि लमही नगरपालिका क्षेत्र भित्र प्रयोग गर्ने एम्बुलेन्स सेवा निःशुल्क गरिनेछ ।

१७. सिकलसेल एनिमिया/थालासेमियाको पहिचान एवं औषधि ब्यवस्थापनको कार्यलाई प्राथमिकताका दिदै लमही नगरपालिकाबाट बिरामीले प्राप्त गर्दै सेवा सुविधा निरन्तरता दिईनेछ ।

१८. सतवरिया र सोनपुर स्वास्थ्य चौकीमा ल्याव टेक्निसियन सहितको प्रयोगशाला सेवा र भौतिक संरचना सम्पन्न भईसकेका बर्थिङ सेन्टरहरुमा कर्मचारीको व्यवस्था गरी सेवा सुचारु गरिनेछ।

साथै विभिन्न स्वास्थ्य संस्थाहरुको आवश्यकताका आधारमा दक्ष जनशक्ति विकास तथा भौतिक संरचना निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

१९. **उपमेयरसँग आमा कार्यक्रमलाई** निरन्तरता प्रदान गरिनेछ । लमही अस्पताल, सतवरिया स्वास्थ्य चौकी र सोनपुर स्वास्थ्य चौकीबाट सुरक्षित गर्भपतन सेवा उपलब्ध हुने ब्यवस्था गरिनेछ।

२०. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।नीजि स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको गुणस्तर तथा बिरामीहरुबाट लिईने शुल्कलाई नियमन गरिनेछ।

२१. आयुर्वेद, योग तथा अन्य वैकल्पिक चिकित्साका माध्यमबाट शारीरिक तथा मानसिकरुपमा स्वस्थ शरीर, सकारात्मक सोँच र ब्यक्तित्व बिकास गर्ने कार्य प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

**यस सम्मानित सभामा उपस्थित आदरणीय महानुभावहरु,**

२२. स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने गरि कृषकलाई प्रोत्साहन गरिनेछ, साथै बाहिरबाट आयात हुने कृषि उपजको बिक्री वितरणमा निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ । कृषि उपज संकलन, थोक तथा खुद्रा बिक्री वितरण केन्द्र स्थापना र संचालन गरि कृषकको मूल्य निर्धारणमा एकरुपता ल्याईनेछ ।

२३. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा औद्योगीक ग्रामको पूर्वाधार निर्माण तथा संचालन गर्ने ब्यवस्था मिलाइनेछ । सबै प्रकारका उद्योगहरू स्थापना र संचालन गर्न निजी क्षेत्रको लागि लागानीमैत्री वातावरण सिर्जना गरिनेछ ।

२४. निजी क्षेत्र अर्थतन्त्रको विकासका मुख्य साझेदार रहेको यथार्थतालाई मनन गर्दै स्थानीय सरकार र निजी क्षेत्रको बलियो साझेदारीबाट उत्पादन तथा उत्पादकत्व अभिबृद्धि र रोजगारी सिर्जना मार्फत आर्थिक सवलिकरणमा जोड दिइनेछ ।

२५. कृषि खेतिलाई आधुनिक प्रविधिमा जोड्न आधुनिक कृषि मेशिनरी तथा प्लाष्टिक घर निर्माण प्रविधि प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।कृषि कार्यलाई प्रोत्साहन दिन प्रति वडा एक नमुना कृषि फर्म स्थापना तथा प्रत्येक वडाहरुमा कृषि प्राविधिक जनशक्तिको व्यवस्थाको लागि पहल गरिनेछ।

२६. बेमौसमी खेती र बगर खेती गर्ने कृषक, कृषि फर्म र कृषि समुहहरुलाई विशेष अनुदान दिने व्यवस्था गरिनेछ । व्यवसायिक कृषि खेति गर्ने इच्छा भएका तर आफ्नो जग्गा नभएका र भाडामा जग्गा लिने नसक्ने भूमिहिन किसानहरुलाई करार खेतीमा अनुदान उपलब्धताको लागि व्यवस्था गरिनेछ साथै उन्नत जातका अन्नबाली तथा तरकारीको बीउ विजन बितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२७. लमही नगरपालिकालाई अन्डा, मासु र दुधमा क्रमश आत्मनिर्भर बनाई **अन्डा, माछा-मासु र दुध विशेष मिसन कार्यक्रम** सञ्चालनमा ल्याईनेछ । गाई भैसी र बाखाको कृतिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई उन्नत नश्लका पशुहरुको संख्यामा बृद्धि गरिनेछ ।

२८. पशुपंन्छीको नश्ल सुधार, पौष्टिक दाना आहारको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरणका चारै पक्षलाई समानान्तर रुपमा अगाडी बढाई एकीकृत रुपमा सेवा प्रदान गर्ने नीति अबलम्बन गरिनेछ ।

२९. गुणस्तरीय पशु आहाराको उपलब्धता बढाउन डालेघाँस, भुईंघाँस उत्पादन बीउ बृद्धि, औषधी र घाँस समिश्रण मिनरल आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उप पदार्थहरुको सदुपयोगलाई प्रोत्साहन गर्न **"एक वडा एक पशुपालन स्रोत केन्द्र"** स्थापनाको लागि पहल गरिनेछ ।

३०. पशुपंछी पालन गरिरहेका किसानहरुलाई कृषि उत्पादन र उत्पादकत्व वृद्धि हुनेगरि पशुपालनमा आत्मनिर्भर बनाउने हेतुले **विपन्न किसान संग पशुपंछी कार्यक्रम** संचालनको लागि पहल गरिनेछ।

३१. गरिब निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेड्पा) कार्यक्रम मार्फत नयाँ लघु उद्यमी सृजना तथा पुरना लघु उद्यमीलाई एडभान्स सिप विकास तालिम प्रदान गरी लमही नगरपालिका भित्रका युवायुवतीहरुलाई स्वरोजगारको अवसर श्रृजना गरि गरिवी न्युनिकरण गर्ने नीति अबलम्बन गरिनेछ ।

३२. पर्यटनलाई अर्थतन्त्रको गतिशील आयामको रूपमा सबै प्रकारका आर्थिक गतिविधिसँग आबद्ध गरिने छ ।यस क्षेत्रका पर्यटकिय स्थल, धार्मिक तथा सांस्कृतिक स्थल र बस्तुहरूको विविधिकरण गर्दै कृषि पर्यटन, जल पर्यटन र खेल पर्यटनको रूपमा विकास गरि पर्यटन क्षेत्रमा रोजगारी बृद्धि गरिने छ ।

३३. स्थानीय उत्पादनको प्रबर्धन र बजारीकरण मार्फत आर्थिक आत्मनिर्भर हुन निर्यातमुखि नीति अवलम्बन गर्न पर्यटन गुरूयोजना र ब्यवसायीक योजना निर्माण गरिने छ ।

३४. स्थानीय कला, भेष-भुषा, चाडपर्व, मठमन्दिर, मरवा, धनवा, आदिको संरक्षण गर्ने उद्देश्यले स्थानीय गाउँको अगुवा/कत्केन्दार/वरघर, कलाकार, विभिन्न क्लबहरु तथा संघसस्थाहरु मार्फत सामाजिक, सांस्कृतिक, प्राकृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गरिनेछ।

३५. ग्रामिण पर्यटन तथा घरबास (होमस्टे) कार्यक्रम अन्तर्गत लमही नगरपालिका वडा नं. ७ मा सञ्चालनमा रहेको थारु होमस्टेलाई प्रबर्द्धन गर्ने नीति लिईनेछ साथै वडा नं. १ को

सितलापुर/बसन्तपुर क्षेत्रमा मगर होमस्टे सञ्चालनका लागि पहल गरिनेछ ।

३६. स्थानीय तह कार्यक्षेत्र भई सञ्चालन हुने सहकारी संस्थाहरुको नियमनको लागि आवश्यक ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड तयार गरी समायानुसार परिमार्जन तथा शंशोधन गरिनेछ।

३७. सहकारी सम्बन्धी एकिकृत सुचना व्यवस्थापन गर्ने उद्देश्यले सहकारी तथा गरिबी निवारण व्यवस्थापन सुचना प्रणाली (COPOMIS) मा सबै सहकारी संस्थाहरुलाई आवद्ध गर्ने उद्देश्यले सूचना प्रविधिको पहुँच नभएका संस्थाहरुलाई तथ्याङ्क प्रविष्ट गर्न सहजता ल्याउनका लागि सूचना प्रविधि मैत्री **सहकारी हेल्प डेस्क स्थापना** गरिनेछ ।

३८. सहकारी संस्थाको कुशल व्यवस्थापन र क्षमता विकासको लागि संस्थाका संचालक, व्यवस्थापक र लमही नगरपालिका विच चौमासिक बैठक, अन्तरक्रिया, कार्यशाला र तालिमको माध्यमबाट सहकारी संस्थाहरुलाई व्यवस्थित र सुदृढिकरण गर्ने नीति अवलम्बन गरिनेछ।

३९. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ। प्रत्येक सहकारी संस्थाहरुको कम्तिमा एक पटक

अनुगमन गर्ने तथा आवश्यकता देखिएको सहकारी संस्थाको सघन अनुगमन गरि उत्पादनमा आधारित उत्कृष्ट सहकारी संस्थालाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ।

**उपस्थित आदरणीय महानुभावहरु,**

४०. **"नगरको प्रतिष्ठा र समृद्धीको  आधारः दार्शनीक र स्मरणीय पूर्वाधार"** भन्ने मुल नाराका साथ गत आ.ब देखि सञ्चालन गरिएको यस अभियानलाई आगामी आ.बमा समेत यसै मर्मको परीधी भित्र रही पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गरिने छन्।

४१. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं लमही नगरपालिकाको जग्गा विकास तथा प्लटिङ सम्बन्धी मापदण्ड, २०७५ तथा प्रचलित कानुनहरु कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

४२. नगर क्षेत्रमा स्तरीकृत नमुना बाटो Model Road को रुपमा न्यूनतम मापदण्ड पुरा गरेका स्तरीकृत ग्राभेल सडकलाई कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४३. एकिकृत शहरी विकास योजना तर्जुमा गरी अव्यवस्थित वसोवासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना संचालन गरिनेछ। नगरपालिकाको गहनाको रुपमा

रहेको बाल उद्यान, पार्क, खुल्ला ठाउँ, सामुदायिक भवनलाई मर्मत तथा पुननिर्माण गरीनेछ। नगरपालिका क्षेत्रमा निर्माण गरिने सार्वजनिक तथा सरकारी भौतिक संरचनाहरु बालमैत्री, अपाङ्ग मैत्री, जेष्ठनागरिक तथा फरक क्षमता भएका व्यक्तिहरुको सहज पहुँचयुक्ता हुने गरी नयाँ निर्माणमा काडाईका साथ लागु गरिनेछ।

४४. जलवायु परिवर्तन न्यूनिकरणमा योगदान पुर्याउन वनको दिगो ब्यवस्थापनका कार्यक्रम मार्फत लमही बजारलाई ब्यवस्थित बनाउन निजी सवारी साधन पार्किङको ब्यवस्थापन गरिने छ ।अटो रिक्सा र ई-रिक्साहरूको चापलाई ब्यवस्थित गर्न दर्ता र नविकरणको नीति अवलम्बन गरिने छ।

४५. दिगो विकासका लक्ष्य हासिल गर्न सबै विषयगत र क्षेत्रगत नीति तथा कार्यक्रम बीच अन्तर आवद्धता कायम गरि स्थानीयकरण गरिनेछ।

४६. खुल्ला दिशामुक्त नगरको अभियानलाई निरन्तरता दिन दिशाजन्य लेदो व्यवस्थापन प्रशोधन केन्द्र निर्माण गरी संचालनमा ल्याईने छ । सफा, स्वच्छ र स्वस्थ नगर निर्माण गर्न सरसफाई अभियान संचालन गर्ने नीति ल्याईनेछ ।

४७. नदी तटिय क्षेत्रमा हुने जलउत्पन्न प्रकोप न्यूनिकरण गर्न मौसम तथा बाढी पूर्वानुमानको गुणस्तरिय र विश्वसनीय सूचना प्रवाह गर्ने ब्यवस्था मिलाईने छ । आपतकालिन अवस्थामा नगरवासीहरूको जनधनको सुरक्षा गर्न हेलिप्याड सहितको आश्रय घर लगायत अन्य आवश्यक पूर्वाधार निर्माण गर्ने नीति बनाईनेछ।

४८. विपत पीडित तथा निजको परिवारलाई प्रदान गरिने राहत, उद्धार तथा अन्य कल्याणकारी सेवालाई थप प्रभावकारी रूपमा तत्काल उपलब्ध हुने प्रबन्ध मिलाई  स्थानीय सरकारको अनुभुति दिईने छ ।

४९. नगर सफाई कार्यलाई अभियानको रूपमा संचालन गरि सुन्दर नगर निर्माण गर्न पहल गरिने छ । **"मेरो फोहोर मेरो जिम्मेवारी"** भन्ने भावना हरेक नगरवासीहरूमा जागृत गराउन, फोहर उत्सर्जित स्थानमा नै बर्गिकरण गर्ने बानिको विकास गर्न बिभिन्न सचेतनामुलक कार्यक्रमहरू संचालन गरिने छ । निजी क्षेत्र सँगको साझेदारिमा वातावरणमैत्री प्रविधिमा आधारित फोहर प्रशोधन प्लान्ट स्थापना गर्न प्रकिया अगाडी बढाईने छ ।

**उपस्थित महानुभावहरु,**

५०. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइने छ। आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

५१. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै

लगिनेछ।नगरपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५२. वडा कार्यालयहरुसँग समन्वय गरी घरबहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ। विगतदेखि लिज वा वहालमा लगाइएका नगरपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानी बहाल रकम पुनरावलोकन गरिनेछ।

५३. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रवाहित गर्ने नीति लिइनेछ।करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

५४. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्ने करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

**५५.** नगरपालिका क्षेत्र भित्र भवन संहिता २०७२ लागु हुनु पूर्व र लागु भए पश्चात तत्कालिन प्रचलित कानुन बमोजिम नक्सापास गर्नु पर्नेमा नक्सापास नगरी वा पास भएको नक्सामा स्वीकृती वेगर हेरफेर गरी वा मापदण्ड विपरीत बनाएका भवनहरुका अभिलेखिकरण गरी लमही नगरपालिकाको व्यवस्थित बस्ती विकास तथा सहरीकरणको अवधारणालाई मुर्त रुप दिन स्थानीय

कानुनलाई पुनरावोलकन गरी घर नक्सा अभिलेखिकरण गरिने नीति अवलम्बन गरिनेछ।

५६. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्दै बेरुजु न्युनिकरणमा जोड दिइनेछ।

५७. नगरपालिकाका पूर्वाधारहरुमा लगानीका विभिन्न वित्तीय उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा नगरपालिकाको शेयर स्वामित्व रहने गरी आवश्यक प्रबन्ध मिलाईने छ।

५८. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन तथा अनुसन्धान जस्ता कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

५९. नगरपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन हुनेगरि "**<u>मेयर संग सिधा कुरा</u>**" कार्यक्रम संचालन गर्ने नीति ल्याईनेछ ।

६०. नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा नगरपालिकाको तर्फबाट नागरिक बडा पत्र र सुझाव पेटिकाहरु राखिने छ ।

६१. स्थानीय संस्था दर्ता र नियमन सम्वन्धी ऐन तथा कार्यविधि कार्यान्वयन गरी संघ संस्थालाई स्थानीय आवश्यकता र प्राथमिकताको क्षेत्रमा परिचालन र व्यवस्थापन गर्दै यी

संस्थाहरुको स्रोत आर्जन र सञ्चालनमा पार्दशिता, जवाफदेहिता र उत्तरदायित्व वृद्धि गरिनेछ ।

६२. उपभोक्ता हितलाई केन्द्रविन्दुमा राखी व्यापारिक कारोबारमा नैतिकता, स्वच्छता, प्रतिस्पर्धा र अनुशासन कायम गर्न नियमित बजार अनुगमन गर्ने व्यवस्था मिलाईनेछ। उपभोक्ताहरुको स्वस्थ्य प्रति संवेदनशिल रहि गुणस्तरीय दैनिक उपभोग्य सामग्रीहरु बिक्रि वितरणमा जोड दिइनेछ।

६३. सार्वजनिक सेवामा आर्थिक सामाजिक रुपमा पछाडी परेका वर्ग समुदायको प्रतिनिधित्व गराउने हेतुले लमही नगरपालिका मार्फत हरेक वर्ग र समुदायको पहुँच बढाउन महिला, दलित आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, मुक्त कम्लरी, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, आर्थिक रुपमा विपन्न खस आर्य लगायत शहिद, वेपत्ता, द्वन्द पीडित परिवारलाई लक्षित गरी **निःशुल्क लोकसेवा आयोग तयारी कक्षा** कार्यक्रम जस्तो अभियान सञ्चालन गरी राज्यले लिएको आरक्षण तथा सकारात्मक विभेद सम्बन्धी नीतिको कार्यान्वयन गर्न पछाडी परेको वर्ग तथा समुदायलाई राज्यको मुलप्रवाहमा समाहित गराउदै राज्यप्रति अपनत्व गराउने नीति अबलम्बन गरिनेछ।

६४. **"सबैको व्यक्तिगत घटना दर्ता गरौ, व्यक्तिगत घटना दर्ता दशक सन् २०१५ देखि २०२४ सफल पारौ"** अभियानलाई सफल पर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६५. भूमिहिन दलित सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय सेवा केन्द्र अन्तर्गत लमही नगरपालिका वडा नं. १,२ र ३ मा

नापी कार्य गरिनेछ । नाप नक्सा भईसकेका वडाहरुको हकदावी सूचना प्रकाशन र फिल्ड बुक तयार गरि जग्गाधनी प्रमाण पुर्जा वितरण गर्ने व्यवस्था मिलाईनेछ।

६६. नगरपालिकाले प्रदान गरिने सेवाहरुमा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखी पूर्ण डीजीटलाईजेशन, IOT (Internet Of Things) को प्रयोग व्यापक बनाइनेछ। स्थानीयस्तरमा सञ्चालन भईरहेका रेडियो, पत्रपत्रिका, टेलिभिजन तथा यस क्षेत्रका पत्राकार/ सञ्चारकमर्मीसंग
हातेमालो गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरी राज्यको चौथो अंङ्गसंग निरन्तर समन्वय, सहकार्यको नीति लिइनेछ।

६७. नगरपालिकाले छरितो एवं छरितो चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी बनाई यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजिगत खर्च बढाउने नीति लिईएको छ । संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिनेछ ।

६८. नगरपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्वी र सुशासित समुदाय निर्माण गर्ने उद्धेश्यका साथ जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहितालाई जोड दिईनेछ ।

धन्यवाद ।